# काठेखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ | संख्याः १ | मितिः २०८२।०४।०१

## भाग-१

## काठेखोला गाउँपालिका

काठेखोला गाउँपालिकाको मिति २०८२।०३।१९ गते बसेको गाउँ सभाको सत्रौं अधिवेशनको तेस्रो बैठकले, काठेखोला गाउँपालिकाको प्रशासकीय केन्द्र संशोधन सम्बन्धी गरेका निर्णयहरुः-

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ
गण्डकी प्रदेश, नेपाल

**निर्णयहरू:-**

**निर्णय नं. १.**

नेपाल सरकारको मिति २०७३ फागुन २७ गते प्रकाशित राजपत्रमा काठेखोला गाउँपालिकाको केन्द्र साविक विहुँकोट गाविसको कार्यालय कायम भई आएकोमा मिति २०८२ असार १९ गते बसेको काठेखोला गाउँपालिकाको १७ औ अधिवेशनको तेस्रो बैठकमा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ४ मा गाउँ पालिकाको नाम र केन्द्र तोक्ने सम्बन्धी भएको व्यवस्था वमोजिम काठेखोला गाउँपालिकाको केन्द्र हेरफेर गरी साविक विहुँकोट गाविसको कार्यालयको सट्टा काठेखोला गाउँपालिका वडा नं. २ अक्षेते र वडा नं. ६ बिहुँ सुल्डाँडा लाई कायम गर्ने गरि पेश गरिएको प्रस्तावको पक्षमा सर्वसम्मत निर्णय भएकोले काठेखोला गाउँपालिका वडा नं. २ अक्षेते र वडा नं. ६ सुल्डाँडा लाई काठेखोला गाउँपालिकाको प्रशासकीय केन्द्र कायम गर्ने निर्णय गरियो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ अनुसार प्रशासकीय केन्द्र सम्बन्धमा सम्बन्धित निकायमा पठाउने निर्णय गरियो।

**निर्णय नं. २.**

बागलुङ जिल्ला काठेखोला गाउँपालिकाको केन्द्र नेपाल राजपत्रमा सूचना प्रकाशित गरी साविक बिहुँकोट गाविसको कार्यालय तोकि आएको र उक्त स्थान काठेखोला गाउँपालिका वडा नं. ६ बिहुँकोट रहेकोमा हाल काठेखोला गाउँपालिका वडा नं. ६ बिहुँकोट सुल्डाँडा स्थित भाडाको घरबाट दैनिक प्रशासनिक कार्य सञ्चालन हुदै आएको र आफ्नो प्रशासनिक भवन नभएकोले वडा नं. ६ बिहुँकोट सुल्डाँडा (आम्पाटा) मा निशुल्क जग्गा उपलब्ध भएकोले सो स्थानमा प्रशासकीय भवन निर्माण गर्न काठेखोला गाउँपालिकाको गाउँ सभाको १७ औ अधिवेशनको तेस्रो बैठकमा निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मत पारित भएकोले काठेखोला गाउँपालिका वडा नं. ६ बिहुँकोट सुल्डाँडा (आम्पाटा) मा प्रशासकीय भवन बनाउने निर्णय गरिन्छ।

<u>आज्ञाले</u>

चूर्ण बहादुर कार्की

प्रमुख प्रशासकीय अधिकृत, काठेखोला गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, बिहुँकोट बागलुङ ।